"सिरीजङ्गाको गौरव, कन्चनजङ्गा"

# सिरीजङ्गा राजपत्र

सिरीजङ्गा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ५) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, आषाढ २९ गते २०८० साल (संख्या०५

## भाग १

सिरीजङ्गा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्गा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन

सम्वत् २०८० सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०५

# सिरीजङ्गा गाउँपालिकाको छात्रवृति ऐन (प्रथम संशोधन), २०८०

**प्रमाणीकरण मितिः २०८०।०३।२८**

सिरीजङ्गा गाउँपालिकाको छात्रवृत्ती सम्बन्धी ऐन २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मिति २०८० साल असार महिनामा सम्पन्न सिरीजङ्गा गाउँपालिकाको १३ औ गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सिरीजङ्गा गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन (प्रथम संशोधन), २०८०" रहेको छ।

२. **मूल ऐनको परिच्छेद ४ दफा ७ लाई खारेजः** (१) मूल ऐनको परिच्छेद ४ दफा ७ को नि:शुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालन सम्बन्धी व्यवस्थालाई खारेज गरिएको छ।

३. **मूल ऐनको दफा ९ संशोधनः** मूल ऐनको परिच्छेद ६ को प्राविधिक छात्रवृत्ती सम्बन्धी व्यवस्थाको दफा ९ को

(१) उपदफा (१) मा प्राविधिक विधामा आवास सहितको छात्रवृत्ती उपलब्ध गराइने भनिएकोमा संशोधन गरी प्राविधिक विधामा छात्रवृत्ती उपलब्ध गराइने मात्र लेखि आवास सहितको भन्ने वाक्यांशलाई हटाईएको छ। सोही उपदफा १ मा गाउँपालिका क्षेत्रभित्र दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्धेश्यले सबै वडाबाट एक/एकजना विद्यार्थी समावेश हुनेगरी जम्मा आठजना विद्यार्थीलाई प्रत्येक वर्ष प्राविधिक विधा प्रविणता प्रमाणपत्र तह वा सो सरहमा आवास सहितको छात्रवृत्ति उपलब्ध गराइनेछ भन्ने उपदफालाई संशोधन गरी गाउँपालिका क्षेत्रभित्रका सामूदायिक माध्यमिक विद्यालयहरुबाट एस.ई.ई. परीक्षामा समावेशी समूहबाट सर्वोकृष्ट जि.पि.ए. ल्याउने ४ जनालाई प्राविधिक वा अप्राविधिक विधामा (प्रविणता प्रमाणपत्र तह वा सो सरह) मा छात्रवृत्ती उपलब्ध गराइनेछ।

(२) उपदफा (२) यस गाउँपालिकाको देहायमा समावेशी समूहले उक्त छात्रवृत्ती कार्यक्रममा सहभागिता जनाउन पाउनेछनः विद्यमान ऐनको दफा ९ को उपदफा २ खारेजी गरी प्रतिस्थापन गरिएको

क खुला १

ख महिला १

ग आदिवासी जनजाती १

घ दलित १

दफा ९ को उपदफा २ बमोजिमको समाबेशी समूहबाट सर्वोत्कृष्ट जि.पि.ए. ल्याउने विद्यार्थीहरुले प्राविधिक छात्रवृत्ती लिन नचाहेमा तिनै समाबेशी समूहबाट सर्वोत्कृष्ट नतिजा ल्याउने उल्लिखित योग्यताक्रममा रहेका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइनेछ।

४. **मूल ऐनको दफा १० मा संशोधन:** यस ऐन संशोधन गर्नुभन्दा अगाडि यस गाउँपालिकाबाट प्राविधिक विद्यामा छात्रवृत्ती पाई अध्ययनरत विद्यार्थीहरुले जुन वडाबाट छात्रवृति पाएको हो सोही वडामा कम्तिमा एक वर्षसम्म अनिवार्य सेवा गर्नुपर्नेछ ऐन संशोधन पश्चात छात्रृत्ति प्राप्त गर्ने विद्यार्थीहरुले अध्ययन पश्चात कम्तिमा एक वर्ष गाउँपालिकाले खटाएको वडामा अनिवार्य सेवा गर्नुपर्नेछ।

५. **मूल ऐनको दफा ११ मा संशोधन** मूल ऐनको दफा ११ को

(१) उपदफा (३) लाई खारेज गरिएको छ।

६. **मूल ऐनको दफा १२ मा संशोधन:** मूल ऐनको दफा १२ को

(१) उपदफा (१) मा व्यवस्था भएको वाक्यांश **आवास सहितको** भन्ने वाक्यांशलाई हटाईएको छ। ऐनको दफा १२ को उपदफा १ मा व्यवस्था भएको वाक्यांश **प्रत्येक वर्ष** भनिएकोमा संशोधन गरी **प्रत्येक २** वर्ष हुनेगरी संशोधन गरिएकोछ।

७. **मूल ऐनको दफा १२ मा संशोधन:** मूल ऐनको परिच्छेद ७ एम.वि.वि.एस. अध्ययन छात्रवृत्ती सम्बन्धी व्यवस्थाको दफा १२ को

(१) उपदफा (३) लाई खारेजी गरि एम.वि.वि.एस. अध्ययन छात्रवृत्ती नेपाल भित्रकै नेपाल मेडिकल काउन्सिलबाट स्वीकृत प्राप्त मेडिकल कलेजमा मात्र अध्ययन गर्ने गरी उपदफा ३ लाई प्रतिस्थापन गरिएको छ।

**आज्ञाले,**

**श्री स्काइ पोखेल**

**प्रमुख प्रशासकीय अधिकृत**

**सिरीजङ्गा गाउँपालिका, ताप्लेजुङ**